# टीकापुर नगरपालिका अन्तर्गत संचालित नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP 2) को लागि सामाजिक परिचालक पदको कार्य विवरण

पद : सामाजिक परिचालक

माग संख्या : १ (एक)

रिर्पोट गर्ने : नगरपालिका अधिकारी र जलवायु परिवर्तन संयोजक (NCCSP 2)

## कार्य विवरण

१. नगरपालिका तथा NCCSP 2 फिल्ड कार्यालयको प्रत्यक्ष समन्वय र निर्देशन बमोजिम लापा खाका अनुसार जलवायु परिवर्तन अनुकुलनका कार्यक्रमहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

२. जलवायु परिवर्तन अनुकुलनका कार्यक्रमहरु संचालन गर्न सम्बन्धित वडा, समुदाय र सघं सस्थाहरु, उपभोक्ता समिति र निर्माण व्यवसायी संग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्ने ।

३. कार्यक्रम संग सम्बन्धित तथ्य, सुचना तथा आवश्यक जानकारी संकलन गरि प्रतिवेदन तयार पार्न सहयोग गर्ने ।

४. लक्षित समुदाय/क्षेत्रमा कार्यक्रम भए नभएको वारे एकिन गरी कार्यक्रमको गुणस्तरता कायम राख्न नियमित स्थलगत अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

५. कार्यक्रम अनुगमनका तथा सुपरिवेक्षण लागि नगरपालिका तथा NCCSP 2 का प्रतिनिधिहरुलाई आयोजना स्थलमा आवश्यक सहजीकरण गर्ने ।

६. आयोजनाहरुको डिजाइन, इष्टिमेट अनुसार कार्य गराउन आवश्यक प्रकृया पुरा गरी संवन्धित निकायसंग कार्य सम्झौताका लागि सहजीकरण गर्ने ।

७. स्थानीय क्षेत्रमा विद्यमान जलवायु अनुकुलनका कार्यहरुलाई बढावा दिन नगरपालिका, NCCSP 2 फिल्ड कार्यालय, क्षेत्रीय कार्यालय संग सहजीकरण गर्ने ।

८. COVID- 19 रोकथामका लागि सचेतनां वृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्न नगरपालिका तथा NCCSP 2 फिल्ड कार्यालयलाई आवश्यक सहयोग गर्ने ।

९. संचालित योजनाको गुणस्तर, दिगोपना कायम गरी योजना संचालन तथा व्यवस्थापनमा विषेश ध्यान दिई समयमा नै सम्पन्न गराउन पहल गर्ने ।

१०. प्रमुख प्रशासकिय अधिकृत, नगरपालिकाका संबन्धित अधिकारी तथा NCCSP 2 आयोजनाका कर्मचारीले क्षमता र योग्यता अनुसारको लाए अह्राएको अन्य कार्य गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

# टीकापुर नगरपालिका अन्तर्गत (पशु सेवा प्राविधिक) सामाजिक परिचालक पदको कार्य विवरण

टीकापुर नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

पद : सामाजिक परिचालक

माग संख्या : १ (एक)

रिर्पोट गर्ने : टीकापुर नगर कार्यपालिकाको कार्यालय, पशु सेवा शाखा ।

## कार्य विवरण

१. पशु सेवा शाखा अन्तर्गत समुह , समिति गठन गर्ने  तथा गठन भएका समुह समितिहरुमा नियमित बैठक संचालन गर्ने  ।
२. सम्बन्धित शाखाको कार्यक्रमको कार्यविधि अनुसार तथ्याकं संकलन, अभिलेखीकरण तथा अध्यावधिक गर्नुपर्ने ।
३. कार्यक्रम संग सम्बन्धित तथ्य, सुचना तथा आवश्यक जानकारी संकलन गरि प्रतिवेदन तयार गरी सम्बन्धित शाखामा पेश गर्नुपर्ने ।
४. लक्षित समुदाय/क्षेत्रमा कार्यक्रम भए नभएको बारे एकिन गरी कार्यक्रमको गुणस्तरता कायम राख्न नियमित स्थलगत अनुगमन तथा सुपरिवेक्षण गर्ने ।
५. कार्यक्रम संचालन भएका सम्बन्धित स्थलमा आवश्यक सहजीकरण गर्ने ।
६. संचालित कार्यक्रमको गुणस्तर, दिगोपना कायम गरी कार्यक्रम संचालन तथा व्यवस्थापनमा विषेश ध्यान दिई उत्पादन र उत्पादकत्व बढाउन पहल गर्ने ।
७. प्रमुख प्रशासकिय अधिकृत, नगरपालिकाका संबन्धित अधिकारी र पशु सेवा शाखाबाट दिईएको जिम्मेवारी तथा निर्देशन पालना गर्नुपर्ने ।

प्रमुख प्रशासकीय अधिकृत